विधेयक संख्याः-

# नेपाल नागरिकता ऐन,२०६३ लाई संशोधन गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार।

गृह मन्त्री

नेपाल सरकार
गृह मन्त्रालय

## उद्देश्य र कारण

नेपालको संविधानको भाग-२ मा नागरिकतासम्बन्धी व्यवस्था गरिएको छ।संविधानकोधारा १०,११,१२,१३,१४ र १५ मा नागरिकतासम्बन्धमा आवश्यक व्यवस्थाहरु गरिएका छन्। नेपालको संविधान,नेपाल नागरिकता ऐन, २०६३तथा नेपाल नागरिकता नियमावली,२०६३बमोजिम गृह मन्त्रालयरअन्तर्गतका जिल्ला प्रशासन तथा इलाका प्रशासन कार्यालयबाट नेपाली नागरिकता पाउन योग्य व्यक्तिलाई आवश्यक प्रक्रिया पूरा भई आएको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान हुँदै आएकोमा नागरिकता प्रदान गर्ने विषयमा सम्मानित अदालतमा मुद्दा परी ती मुद्दामा भएका आदेश सहितका विषयलाई सम्वोधन गरी कार्यान्वयन गर्नु पर्ने भएको र नागरिकता प्राप्त गर्ने व्यवस्थालाई थप व्यवस्थित बनाउनु पर्ने भएको छ।

तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ मा जन्मको आधारमा नागरिकता प्रदान हुने व्यवस्था भई सोही बमोजिम जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानलाई नेपालको नागरिकता प्रदान हुँदै आएकोमा बाबु वा आमामध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको जन्मको आधारमा नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा आमा सम्पर्कविहिन रहेको व्यक्तिका सन्तानलाई नेपाली नागरिकता प्रदान गर्न नेपाल नागरिकता ऐन,२०६३ को विद्यमान व्यवस्थामा परिमार्जन गर्नु पर्ने भएको छ।

कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्रमा बाबुको नाम उल्लेख भएको तर निजको बाबुहाल सम्पर्कमा नरहेकोभनी निजले स्वघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान नभएको मानि निजलाई वंशजका आधारमा नेपालको नागरिकता प्रदान गर्न,कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा सोही बमोजिम नेपाली नागरिकता प्रदान गर्न तथा सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई नाबालक परिचयपत्र प्रदान गर्ने सहितका विषयलाई नेपाल नागरिकता ऐनमा समावेश गर्नु पर्ने भएकोले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्नु परेको हो।

नेपाल सरकार
गृह मन्त्रालय

रमेश लेखक
मन्त्री
गृह मन्त्रालय

## आर्थिकटिप्पणी

विद्यमान नेपाल नागरिकता ऐन, २०६३ बमोजिम गृह मन्त्रालय मातहतका निकायहरुबाट नेपाली नागरिकलाई नेपाली नागरिकता प्रमाणपत्र वितरण हुँदै आएकोमा नेपाली नागरिकता प्राप्त गर्न योग्य नेपालीलाई नेपालको नागरिकता प्रदान गर्न तथा सम्मानित सर्वोच्च अदालत सहितका अदालतबाटविभिन्न मुद्दामा जारी भएको आदेशको कार्यान्वयनगर्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्नु परेको हो।

प्रस्तुत विधेयक बमोजिम नेपाली नागरिकताको प्रमाणपत्रको वितरण गर्ने सम्बन्धमा सिफारिस सहितका कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहबाट नै हुने भएको र नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्ने सम्बन्धी कार्य गृह मन्त्रालय र यस मातहतका निकायबाट नै सम्पादन हुने भएकोले प्रस्तुत विधेयकको कारण नेपाल सरकारलाई नागरिकताको प्रमाणपत्रको लागि छपाई गर्दा हुने खर्च बाहेक थप आर्थिक व्ययभार पर्ने अवस्था देखिदैन।

नेपाल सरकार
गृह मन्त्रालय

रमेश लेखक
मन्त्री
गृह मन्त्रालय

<u>नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक</u>

**प्रस्तावना:** नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "नेपाल नागरिकता (दोस्रो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा संशोधन:** नेपाल नागरिकता ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को,-

(१) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमा मध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको जन्मको आधारमा नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेकोमा आमा सम्पर्कविहिन रहेको व्यक्तिको हकमा दफा ५ को उपदफा (५क) बमोजिम हुनेछ।"

(२) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रमा बाबुको नाम उल्लेख भए तापनि निजको बाबुको अन्य पहिचान नखुलेको र हाल सम्पर्कमा नरहेको भनी निजले स्वःघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान नभएको मानिनेछ र निजले उपदफा (५) बमोजिम वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।"

३. **मूल ऐनको दफा ५ मा संशोधन:** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (३) को खण्ड (ग) मा रहेको "निजले" भन्ने शब्दको सट्टा "निज र निजको आमाले" भन्ने शब्दहरु राखी सो खण्डमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर निवेदन दिंदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगानमा नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदकले गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ।"

(२) उपदफा (५) पछि देहायका उपदफा (५क) र (५ख) थपिएका छन्:-

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

"(५क) दफा ३ को उपदफा (४क) बमोजिमको व्यक्तिले सो बमोजिमको स्वघोषणा गरेमा तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ।

(५ख) नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिए बमोजिम स्वघोषणा गरेमा अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ।"

४. **<u>मूल ऐनको दफा ८क. मा संशोधनः</u>** मूल ऐनको दफा ८क. को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) दफा ३ को उपदफा (५) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा र कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनु पर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी दिनु पर्नेछ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरु पछि "र (१क)" भन्ने शब्दहरु थपिएका छन्।

५. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"१८. **<u>निवेदन दिन सक्नेः</u>** (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक कुनै अधिकारीले यो ऐन बमोजिम दिएको आदेश वा गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र गृह मन्त्रालयको सचिव समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा आदेश दिने वा निर्णय गर्ने अधिकारीसँग प्रतिवेदन लिई सो प्रतिवेदन समेतको विचार गरी गृह मन्त्रालयको सचिवले आफ्नो निर्णय वा आदेश दिन सक्नेछ र निजले गरेको निर्णय वा आदेश अन्तिम हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम नेपाल सरकारले गरेको आदेश वा निर्णय उपर यस दफा बमोजिम निवेदन दिन पाइने छैन।"

६. **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को उपदफा (२) मा रहेका "आफुलाई प्राप्त अधिकार कुनै अधिकृत कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार कुनै अधिकृत कर्मचारी वा कार्यालय प्रमुख भई काम गर्ने कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारीलाई" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को उपदफा (३क) मा रहेका "खण्ड (ग) भन्ने शब्दहरु पछि "वा दफा ५ को उपदफा (५क) वा दफा ५ को उपदफा (५ख)" भन्ने शब्दहरु थपिएका छन्।

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

८. **<u>मूल ऐनमा दफा २२क. थपः</u>** मूल ऐनको दफा २२ पछि देहायको दफा २२क. थपिएको छः-

"२२क. **<u>नाबालक परिचयपत्र प्रदान गर्न सक्नेः</u>** सोह्र वर्ष उमेर पूरा नभएको र बाबु वा आमा मध्ये कम्तीमा एकजना नेपाली नागरिक रहेको नाबालकलाई तोकिएको अधिकारीले तोकिए बमोजिम नाबालक परिचयपत्र प्रदान गर्न सक्नेछ।"

नेपाल सरकार
गृह मन्त्रालय

गृह मन्त्री

**नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको**
**तीन महले विवरण**

| **क सं** | **दफा, उपदफा तथा खण्ड, उपखण्ड** | **हालको व्यवस्था** | **संशोधनको लागि प्रस्तावित व्यवस्था** | **नेपाल नागरिकता ऐन, २०६३ मा दोस्रो संशोधन गर्नु पर्नाको पुष्ट्याई** |
|---|---|---|---|---|
| १ | - | **हाल व्यवस्था नभएको** | १. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "नेपाल नागरिकता (दोस्रो संशोधन) ऐन, २०८१" रहेको छ।<br>(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ। | कानूनको ढाँचा बमोजिम मिलाइएको। |
| २ | दफा ३ को उपदफा (४) पछि उपदफा (४क) थपिएको। | **हाल व्यवस्था नभएको** | २. **<u>नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा संशोधनः</u>** नेपाल नागरिकता ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को,-<br>(१) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-<br>"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमा मध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको जन्मको आधारमा नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेकोमा आमा सम्पर्कविहिन रहेको व्यक्तिको हकमा दफा ५ को उपदफा (५क) बमोजिम हुनेछ।" | बाबुले नेपाली नागरिकता प्राप्त नगर्दै परलोक भएको र आमाले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको भए तापनि निज हाल परलोक भै सकेको अवस्थामा नागरिकता सम्बन्धी विषयको संवेदनशीलतालाई ध्यानमा राखी निवेदिकाको नेपालको नागरिकता पाउँ भन्ने विषयको निर्णय गरी दिनु भनी स्वेता श्रीवास्तव विरुद्ध जिल्ला प्रशासन कार्यालय वर्दिया समेत भएको २०७२ सालको रिट नं. ०७२-WO-००२६ मा तत्कालीन पुनरावेदन अदालत नेपालगञ्जबाट परमादेश जारी भएको। बाबु वा आमा मध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको जन्मको आधारमा नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेकोमा आमा सम्पर्कविहिन रहेको व्यक्तिको हकमा नागरिकता प्रदान गर्ने व्यवस्था गरी अदालतको आदेश कार्यान्वयन गर्न प्रस्तुत संशोधन गर्नु परेको। |

नेपाल सरकार
गृह मन्त्रालय



गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | दफा ३ को उपदफा (५) पछि उपदफा (५क) थपिएको। | हाल व्यवस्था नभएको | (२) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-<br>"(५क) कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रमा बाबुको नाम उल्लेख भए तापनि निजको बाबुको अन्य पहिचान नखुलेको र हाल सम्पर्कमा नरहेको भनी निजले स्वःघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान नभएको मानिनेछ र निजले उपदफा (५) बमोजिम वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।" | बाबु वेपत्ता भएकोले निवेदक सुरज घिमिरेलाई आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी २०७७ सालको रिट नं. ०७७-wo-०५६२ मा सर्वोच्च अदालतबाट परमादेश जारी भएको।<br>सविना दमाई विरुद्ध नेपाल सरकार भएको ०६७-WO-०७०३ को मुद्दामा (ने.का.प. २०६८, अंक २ नि.नं. ८५५७) आमाको नामबाट नेपालको नागरिकता दिनु भनी सर्वोच्च अदालतबाट आदेश जारी भएको।<br>नेपाली नागरिक बाबु वा आमाबाट नेपालको कुनै भू-भागमा जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार राख्दछ भनी ०६८-WO-०७३१ (ने.का.प. २०७३, अंक ७ नि.नं. ९६२७) मा सर्वोच्च अदालतबाट आदेश जारी भएको।<br>आमाको नामबाट वंशजको नागरिकताको प्रमाणपत्र जारी गर्नु भनी रिट नं. ०७६-WO-०५५७ मा सर्वोच्च अदालतबाट आदेश जारी भएको।<br>कुमारी आमाबाट जन्म भई जन्म प्रमाणित सिफारिस पत्रमा कृष्टिना महर्जनको पिता लोकेस सुवेदी जैसीको सम्पर्क विहिन भन्ने जानकारी प्राप्त भनी उल्लेख भएको, छोरी कृष्टिनालाई रेखदेख नगरेको र छोरीले हालसम्म पनि नदेखेको व्यक्तिलाई बाबु भनी स्वीकार गरी नागरिकताको प्रमाणपत्र हामी लिन चाहदैनौ भनी माग गरेको विषय भएकोले माग बमोजिम हुन रिट नं. ०७८-WO-०८५३ मा सर्वोच्च अदालतबाट आदेश जारी भएकोले उक्त आदेशहरुको कार्यान्वयन गरी स्वघोषणाका आधारमा निजको बाबुको नामको महल खाली राखि नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न प्रस्तुत व्यवस्था गर्नु परेको। |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ३ | दफा ५ को उपदफा (३) को खण्ड (ग) मा संशोधन। | (ग) बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको भनी निजले तोकिए बमोजिम गरेको स्वघोषणा, | ३. **<u>मूल ऐनको दफा ५ मा संशोधनः</u>** मूल ऐनको दफा ५ को,-<br>(१) उपदफा (३) को खण्ड (ग) मा रहेको "निजले" भन्ने शब्दको सट्टा "निज र निजको आमाले" भन्ने शब्दहरु राखी सो खण्डमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-<br>"तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगानमा नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदकले गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ।" | आमाको नामबाट नागरिकता प्राप्त गर्ने नेपाली नागरिकलाई नागरिकताको प्रमाणपत्र प्राप्त गर्नु अगावै निवेदकको आमालाई समेत जिम्मेवार बनाई बास्तबिक र सहि विवरण उपलब्ध गराउन लगाउनुका साथै आमाको मृत्यु भएको वा निजको होस ठेगाना नभएको अवस्थामा सम्बन्धित निवेदकलाई नै जिम्मेबार बनाउन प्रस्तुत संशोधन गर्नु परेको। |
| | दफा ५ को उपदफा (५) पछि देहायका उपदफा (५क) र (५ख) थप। | हाल व्यवस्था नभएको। | (२) उपदफा (५) पछि देहायका उपदफा (५क) र (५ख) थपिएका छन्ः-<br>"(५क) दफा ३ को उपदफा (४क) बमोजिमको व्यक्तिले सो बमोजिमको स्वघोषणा गरेमा तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ।<br>(५ख) नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिए बमोजिम स्वघोषणा गरेमा अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ।" | प्रस्तावित दफा ३ को उपदफा (४क) बमोजिम जन्मको आधारमा नागरिकता प्राप्त गरेका नेपाली नागरिकका सन्ततिलाई नियमावलीमा व्यवस्था गरी अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गर्न प्रस्तुत दफामा व्यवस्था गरिएको।<br>वैदेशिक रोजगारमा गएका नेपाली नागरिक महिलाहरुबाट विदेशमा जन्मिएका तर बाबुको पहिचान नखुलेको व्यक्तिको हकमा नियमावलीमा व्यवस्था भए बमोजिम अङ्गिकृत नेपाली नागरिकता प्रदान गर्ने गरी व्यवस्था गर्दा त्यस्ता व्यक्तिहरु अनागरिक नहुने गरी व्यवस्था गर्न प्रस्तुत संशोधन गर्नु परेको। |
| ४ | दफा ८क. को उपदफा (१) पछि | हाल व्यवस्था नभएको। | ४. **<u>मूल ऐनको दफा ८क. मा संशोधनः</u>** मूल ऐनको दफा ८क. को,-<br>(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः- | निवेदक रुबी बस्नेत भएको रिट नं. ०७६-WO-०५५७ तथा निवेदक सविना दमाई भएको रिट नं. ०६७-WO-०७०३ सहितका विभिन्न मुद्दामा बाबु सम्पर्क विहिन भएको वा निजको बारेमा जानकारी नभएको अवस्थामा आमाको नामबाट वंशजको नागरिकताको प्रमाणपत्र जारी |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (१क) थप। | | "(१क) दफा ३ को उपदफा (५) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा र कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनु पर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी दिनु पर्नेछ।" | गर्नु भनी सर्वोच्च अदालतबाट आदेश जारी भएकोले सो बमोजिम नागरिकताको प्रमाणपत्र प्रदान गर्न प्रस्तुत संशोधन गर्नु परेको। |
| | दफा ८क. को उपदफा (२) मा संशोधन। | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकताको अभिलेखमा आमा, बाबु दुबैको नाम र विवरण राख्नु पर्नेछ। | (२) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरु पछि "र (१क)" भन्ने शब्दहरु थपिएका छन्। | नेपाल नागरिकता ऐन,२०६३ मा दफा ८क. को उपदफा (१) पछि उपदफा (१क) थप भई दफा ३ को उपदफा (५) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा र कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनु पर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी दिनु पर्ने गरी व्यवस्था गरिएकोले प्रस्तुत उपदफामा निवेदन दिदा सो समेत उल्लेख गर्नु पर्ने गरी व्यवस्था मिलाउन प्रस्तुत संशोधन गर्नु परेको। |
| ५ | दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ। | १८. **<u>दोहोर्याई हेर्ने</u>**: (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक कुनै अधिकारीले यो ऐन बमोजिम दिइएको आदेशबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश उपर दोहोर्याई हेरियोस भनी | ५. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-<br>"१८. **<u>निवेदन दिन सक्ने</u>**: (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक कुनै अधिकारीले यो ऐन बमोजिम दिएको आदेश वा गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश भएको | प्रस्तुत दफामा नेपाल नागरिकता ऐन, २०६३ मा छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐन बमोजिमका कार्य सम्पादन गर्ने कुनै अधिकारीले दिएको आदेश वा गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले पैतीस दिनभित्र गृह मन्त्रालयको सचिवसमक्ष निवेदन गर्न सक्ने र सो उपर गृह मन्त्रालयको सचिवले प्रतिवेदन लिई आदेश दिने व्यवस्था गरिएको छ। यसबाट नागरिकतासम्बन्धी |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र नपाल सरकार समक्ष निवेदन गर्न सक्नेछ।<br><br>(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि आदेश दिने अधिकारीसँग प्रतिवेदन लिई सो प्रतिवेदनसमेतको विचारगरी नेपाल सरकारले आफ्नो निर्णय र आदेश दिन सक्नेछ। सो निर्णय वा आदेश अन्तिम हुनेछ। | मितिले पैंतीस दिनभित्र गृह मन्त्रालयको सचिव समक्ष निवेदन दिन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा आदेश दिने वा निर्णय गर्ने अधिकारीसँग प्रतिवेदन लिई सो प्रतिवेदन समेतको विचार गरी गृह मन्त्रालयको सचिवले आफ्नो निर्णय वा आदेश दिन सक्नेछ र निजले गरेको निर्णय वा आदेश अन्तिम हुनेछ।<br>(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम नेपाल सरकारले गरेको आदेश वा निर्णय उपर यस दफा बमोजिम निवेदन दिन पाइने छैन। | विषयको निर्णय प्रकिया छिटो र छोटो हुन जानेछ। यसबाट निर्णयकर्तामा जवाफदेहिता वृद्धि हुनुका साथै सेवाग्राहिका समस्या सहज रुपमा समाधान गर्न प्रस्तुत संशोधन गर्नु परेको। |
| ६ | दफा २० को उपदफा (२) मा संशोधन। | (२) यस ऐन बमोजिम नागरिकताको प्रमाणपत्र वितरण गर्न तोकिएको अधिकारीले आफूलाई प्राप्त अधिकार कुनै अधिकृत कर्मचारीलाई प्रत्योजन गर्न सक्नेछ। | ६. **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को उपदफा (२) मा रहेका "आफुलाई प्राप्त अधिकार कुनै अधिकृत कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार कुनै अधिकृत कर्मचारी वा कार्यालय प्रमुख भई काम गर्ने कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारीलाई" भन्ने शब्दहरु राखिएका छन्। | अधिकृतस्तरको कार्यालय प्रमुख हुने कार्यालयमा अधिकृतस्तरको कर्मचारी कुनै कारणले काज वा विदामा बस्दासमेत सेवा प्रवाहलाई सूचारु राख्न राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था गर्न प्रस्तुत संशोधन गर्नु परेको। |
| ७ | दफा २१ को उपदफा (३क) मा संशोधन। | (३क.) कसैले दफा (३) को उपदफा (७) वा दफा ५ को उपदफा (३) को खण्ड (ग) बमोजिम गरिएको स्वघोषणा झुट्टो ठहरिएमा त्यस्तो झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई छ | ७. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को उपदफा (३क) मा रहेका "खण्ड (ग) भन्ने शब्दहरु पछि "वा दफा ५ को उपदफा (५क) वा दफा ५ को उपदफा (५ख)" भन्ने शब्दहरु थपिएका छन्। | स्वघोषणा झुट्टो गरी कुनै कार्य गरेको अवस्थामा त्यस्तो कार्य गर्ने गराउने व्यक्तिलाई कैद तथा सजाय गरी त्यसरी प्राप्त गरेको नागरिकता स्वत:रद्ध समेत गर्न प्रस्तुत संशोधन गर्नु परेको। |



नेपाल सरकार गृह मन्त्रालय

गृह मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | महिनादेखि एक वर्षसम्म कैद वा पचास लाख रुपैयासम्म जरिवाना वा दुबै सजाय हुनेछ। झुट्टो स्वघोषणा गरी नागरिकता प्राप्त गरे वापत यस उपदफा बमोजिम सजाय भएमा भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वत: रद्द हुनेछ। | | |
| ८ | दफा २२ पछि दफा २२क. थप। | हाल व्यवस्था नभएको। | ८. **<u>मूल ऐनमा दफा २२क. थपः</u>** मूल ऐनको दफा २२ पछि देहायको दफा २२क. थपिएको छः-<br>"२२क. **<u>नाबालक परिचयपत्र प्रदान गर्न सक्नेः</u>** सोह्र वर्ष उमेर पूरा नभएको र बाबु वा आमा मध्ये कम्तीमा एकजना नेपाली नागरिक रहेको नाबालकलाई तोकिएको अधिकारीले तोकिए बमोजिम नाबालक परिचयपत्र प्रदान गर्न सक्नेछ।" | नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने उमेर पूरा नभएको नेपाली नागरिकको नाबालक सन्ततीलाई वैदेशिक यात्रा गर्नुपर्दाको अवस्थामा नेपाली राहदानी प्राप्त गर्न नाबालक परिचयपत्र प्रदान गर्न सक्ने गरी प्रस्तुत संशोधन गरिएको। |

नेपाल सरकार
गृह मन्त्रालय

**विषयः** नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिने।

**प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः** २०८१/९/२६

**१. विषयको संक्षिप्त व्यहोराः**

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम गृह मन्त्रालय र मातहतका निकायहरूबाट नेपाली नागरिकहरूलाई नेपाली नागरिकता प्रमाणपत्र वितरणको कार्य भई आएको छ। विद्यमान ऐनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्दा हाल देखा परेको समस्याहरू समाधान गर्न र विभिन्न समयमा सम्मानीत अदालतबाट भएका फैसला र आदेशहरू कार्यान्वयन गर्न कानूनी व्यवस्थाको अभाव र कानूनी जटिलताका कारणले गर्दा नेपाली नागरिकहरूलाई नेपाली नागरिकता प्रमाणपत्र वितरण गर्न कानूनी समस्या देखिएकोले उक्त समस्या समाधान गर्न र कानूनी रूपमा नै सम्बोधन गर्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न आवश्यक देखिएको।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराहरूः**

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति २०८१/९/२६ को पत्रबाट नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदाउपर आवश्यक कारवाही अघि बढाउन सहमति प्राप्त भएको। साथै मौजुदा नागरिकता ऐन कार्यान्वयनको सिलसिलामा नेपाली नागरिकहरूले भोग्नु परेको कानूनी जटिलताहरूको सम्बोधनका लागि जिल्ला प्रशासन कार्यालयहरू र सरोकारवाला निकायहरूबाटसमेत समय समयमा राय/सुझाव प्राप्त भएको।

**३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः**

विभिन्न कानूनी जटिलताका कारण विगत केही समयदेखि नेपाली नागरिकहरूले नागरिकता प्रमाणपत्र प्राप्त गर्न नसक्दा नेपाली नागरिकहरूमा निरासा उत्पन्न भएको साथै सम्मानित अदालतबाट भएको फैसलाहरुलाई समेत ऐनमा नै व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितता गर्न अत्यावश्यक भएकोले प्रस्तावित नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन (दोस्रो संशोधन) गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने प्रयोजनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०८१/९/२६ मा स्वीकृति प्राप्त भएको हुँदा नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूचि-१ को विषय सङ्ख्या ४ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

**४. निर्णय हुनुपर्ने व्यहोराः**

यसैसाथ संलग्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिने।

मितिः २०८१/९/२६

(गोकर्णमणि दुवाडी)
सचिव

श्री सचिव,
गृह मन्त्रालय।

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृति दिने विषयको गृह मन्त्रालयको मिति २०८१/९/२६ को प्रस्ताव म.प.बै.सं. ५१/०८१ मिति २०८१/९/२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(एकनारायण अर्याल)
मुख्यसचिव
२०८१/९/२६
नेपाल संवत् ११४५

नेपाल सरकार
गृह मन्त्रालय

## नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** नेपाल नागरिकता सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल नागरिकता (दोस्रो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा संशोधनः** नेपाल नागरिकता ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को,-

(१) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमा मध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको जन्मको आधारमा नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेकोमा आमा सम्पर्कविहिन रहेको व्यक्तिको हकमा दफा ५ को उपदफा (५क) बमोजिम हुनेछ।"

(२) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रमा बाबुको नाम उल्लेख भए तापनि निजको बाबुको अन्य पहिचान नखुलेको र हाल सम्पर्कमा नरहेको भनी निजले स्वःघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान नभएको मानिनेछ र निजले उपदफा (५) बमोजिम वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।"

३. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (३) को खण्ड (ग) मा रहेको "निजले" भन्ने शब्दको सट्टा "निज र निजको आमाले" भन्ने शब्दहरु राखी सो खण्डमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगानमा नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदकले गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ।"

(२) उपदफा (५) पछि देहायका उपदफा (५क) र (५ख) थपिएका छन्ः-

"(५क) दफा ३ को उपदफा (४क) बमोजिमको व्यक्तिले सो बमोजिमको स्वघोषणा गरेमा तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ।



गोकर्णमणि दुवाडी
सचिव

नेपाल सरकार
गृह मन्त्रालय

(५ख) नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिए बमोजिम स्वघोषणा गरेमा अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ।"

४. **मूल ऐनको दफा ८क. मा संशोधनः** मूल ऐनको दफा ८क. को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) दफा ३ को उपदफा (५) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा र कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनु पर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी दिनु पर्नेछ ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरु पछि "र (१क)" भन्ने शब्दहरु थपिएका छन्।

५. **मूल ऐनको दफा १८ मा संशोधनः** मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"१८. **निवेदन दिन सक्नेः** (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक कुनै अधिकारीले यो ऐन बमोजिम दिएको आदेश वा गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र गृह मन्त्रालयको सचिव समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा आदेश दिने वा निर्णय गर्ने अधिकारीसँग प्रतिवेदन लिई सो प्रतिवेदन समेतको विचार गरी गृह मन्त्रालयको सचिवले आफ्नो निर्णय वा आदेश दिन सक्नेछ र निजले गरेको निर्णय वा आदेश अन्तिम हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम नेपाल सरकारले गरेको आदेश वा निर्णय उपर यस दफा बमोजिम निवेदन दिन पाइने छैन।"

६. **मूल ऐनको दफा २० मा संशोधनः** मूल ऐनको दफा २० को उपदफा (२) मा रहेका "आफुलाई प्राप्त अधिकार कुनै अधिकृत कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार कुनै अधिकृत कर्मचारी वा कार्यालय प्रमुख भई काम गर्ने कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारीलाई" भन्ने शब्दहरु राखिएका छन्।

७. **मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनको दफा २१ को उपदफा (३क) मा रहेका "खण्ड (ग) भन्ने शब्दहरु पछि "वा दफा ५ को उपदफा (५क) वा दफा ५ को उपदफा (५ख)" भन्ने शब्दहरु थपिएका छन्।

८. **मूल ऐनमा दफा २२क. थपः** मूल ऐनको दफा २२ पछि देहायको दफा २२क. थपिएको छः-



गोकर्णमणि दुवाडी
सचिव

नेपाल सरकार
गृह मन्त्रालय

"२२क. <u>नाबालक परिचयपत्र प्रदान गर्न सक्ने:</u> सोह्र वर्ष उमेर पूरा नभएको र बाबु वा आमा मध्ये कम्तीमा एकजना नेपाली नागरिक रहेको नाबालकलाई तोकिएको अधिकारीले तोकिए बमोजिम नाबालक परिचयपत्र प्रदान गर्न सक्नेछ।"

गोकर्णमणि दुवाडी
सचिव

नेपाल सरकार
गृह मन्त्रालय

नेपाल नागरिकता (दोस्रो संशोधन) ऐन, २०८१ को मस्यौदामा प्रस्तावित संशोधनका दफाहरु

| सि.नं | सुधार गर्नुपर्ने कानून | धारा/दफा | विद्यमान कानूनी प्रावधान | थप/संशोधन | संशोधन गर्नुपर्नाको कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाल नागरिकता ऐन,२०६३ | दफा ३ मा उपदफा उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ । | ---------- | "(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमा मध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको जन्मको आधारमा नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेकोमा आमा सम्पर्कविहिन रहेको व्यक्तिको हकमा दफा ५ को उपदफा (५क) बमोजिम हुनेछ। | जन्मका आधारमा नागरिकता प्राप्त गरेका सन्तानको बाबु वा आमाको नागरिकता प्रमाणपत्र नलिदै मृत्यु भै सकेको अवस्थामा नागरिकता बनाउन समस्या भएकोले सम्बोधन गर्नुपर्ने | ऐनमा नै व्यवस्था गर्नुपर्ने |
| २ | नेपाल नागरिकता ऐन,२०६३ | दफा ३ को उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छ । | ---------- | (५क) कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रमा बाबुको नाम उल्लेख भए तापनि निजको बाबुको अन्य पहिचान नखुलेको र हाल सम्पर्कमा नरहेको भनी निजले स्वःघोषणा गरेमा त्यस्तो | बनाउन समस्या भएकोले सम्बोधन गर्नुपर्ने | ऐनमा नै व्यवस्था गर्नुपर्ने |



गोकर्णमणि दुवाडी
सचिव

नेपाल सरकार
गृह मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | व्यक्तिको बाबुको पहिचान नभएको मानिनेछ र निजले उपदफा (५) बमोजिम वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ। | | |
| ३ | | ऐनको दफा ५ उपदफा (३ को खण्ड (ग) मा संशोधन | (ग) बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको भनी निजले तोकिए बमोजिम गरेको स्वघोषणा | बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको भनी निज र निजको आमाले तोकिए बमोजिम गरेको स्वघोषणा ।<br>"तर निवेदन दिंदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगानमा नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदकले गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ।" | निवेदकको आमालाई समेत जिम्मेवार बनाउन आवश्यक रहेकोले । | ऐनमा नै व्यवस्था गर्नुपर्ने |
| ४ | नेपाल नागरिकता ऐन,२०६३ | दफा ५ को उपदफा (५क) र (५ख) थपिएका छन् | --------- | (५क) दफा ३ को उपदफा (४क) बमोजिमको व्यक्तिले सो बमोजिमको स्वघोषणा गरेमा तोकिए बमोजिमको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ। | जन्मका आधारमा नागरिकता प्राप्त गरेका सन्तानको नागरिकता बनाउन समस्या भएकोले सम्बोधन गर्नुपर्ने । | |



गोकर्णमणि दुवाडी
सचिव

नेपाल सरकार
गृह मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | (५ख) नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिए बमोजिम स्वघोषणा गरेमा अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ। | वैदेशिक रोजगारमा गएका महिलाहरुका सन्तानलाई नागरिकता प्राप्त गर्ने कुनै आधार नभएकोले सम्बोधन गर्नुपर्ने । | ऐनमा नै व्यवस्था गर्नुपर्ने । |
| ५ | नेपाल नागरिकता ऐन,२०६३ | ऐनको दफा ८क. को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ । | --------- | (१क) दफा ३ को उपदफा (५) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा र कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनु पर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी दिनु पर्नेछ । | बाबुको नाम नलेखी नागरिकता प्रदान गर्नका लागि सम्माननीय अदालतवाट विभिन्न समयमा आदेश भएकोमा सो विषयलाई सम्बोधन गर्न । | ऐनमा नै व्यवस्था गर्न उपयुक्त हुने । |



गोकर्णमणि दुवाडी
सचिव

नेपाल सरकार
गृह मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकताको अभिलेखमा आमा, बाबु दुवैको नाम र विवरण राख्नु पर्नेछ । | (२) उपदफा (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकताको अभिलेखमा आमा, बाबु दुवैको नाम र विवरण राख्नु पर्नेछ | | |
| ६ | नेपाल नागरिकता ऐन,२०६३ | दफा १८ मा संशोधन | दोहोर्याई हेर्ने | **निवेदन दिन सक्ने** | | ऐनमा नै व्यवस्था गर्न उपयुक्त हुने । |
| | | | (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक कुनै अधिकारीले यो ऐन बमोजिम दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेशउपर दोहोर्याई हेरियोस् भनी त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र नेपाल | (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक कुनै अधिकारीले यो ऐन बमोजिम दिएको आदेश वा गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र **गृह मन्त्रालयको सचिव समक्ष** निवेदन दिन सक्नेछ । | गृह मन्त्रालयको सचिव समक्ष निवेदन दिन उपयुक्त हुने भएकोले । | ऐनमा नै व्यवस्था गर्न उपयुक्त हुने । |



लोकर्णमणि दुवाडी

नेपाल सरकार
गृह मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सरकार समक्ष निवेदन गर्न सक्नेछ । | | | |
| | | | (२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि आदेश दिने अधिकारीसँग प्रतिवेदन लिई सो प्रतिवेदन समेतको विचार गरी नेपाल सरकारले आफ्नो निर्णय वा आदेश दिन सक्नेछ र सो निर्णय वा आदेश अन्तिम हुनेछ । | (२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा आदेश दिने वा निर्णय गर्ने अधिकारीसँग प्रतिवेदन लिई सो प्रतिवेदन समेतको विचार गरी गृह मन्त्रालयको सचिवले आफ्नो निर्णय वा आदेश दिन सक्नेछ र निजले गरेको निर्णय वा आदेश अन्तिम हुनेछ। | | |
| | | | --------- | (३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम नेपाल सरकारले गरेको आदेश वा निर्णय उपर यस दफा बमोजिम निवेदन दिन पाइने छैन। | | |



गोकर्णमणि दुवाडी
सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | नेपाल नागरिकता ऐन,२०६३ | दफा २० को उपदफा (२) मा संशोधन | (२) यस ऐन बमोजिम नागरिकताको प्रमाणपत्र वितरण गर्न तोकिएको अधिकारीले आफूलाई प्राप्त अधिकार कुनै अधिकृत **कर्मचारीलाई** प्रत्यायोजन गर्न सक्नेछ । | (२) यस ऐन बमोजिम नागरिकताको प्रमाणपत्र वितरण गर्न तोकिएको अधिकारीले आफूलाई प्राप्त अधिकार मध्ये **केही अधिकार कुनै अधिकृत कर्मचारी वा कार्यालय प्रमुख भई काम गर्ने कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारीलाई** प्रत्यायोजन गर्न सक्नेछ । | कतिपय अवस्थामा राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारीबाट पनि नागरिकता प्रमाणपत्र वितरण गर्नुपर्ने भएकोले । | ऐनमा नै व्यवस्था गर्न आवश्यक रहेको |
| ८ | नेपाल नागरिकता ऐन,२०६३ | दफा २१ को उपदफा (३क) मा संशोधन | (३क) कसैले दफा ३ को उपदफा (७) वा दफा ५ को **उपदफा (३) को खण्ड (ग)** बमोजिम गरेको स्वघोषणा झुट्टो ठहरेमा त्यस्तो झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई छ | (३क) कसैले दफा ३ को उपदफा (७) वा दफा ५ को **उपदफा (३) को खण्ड (ग) वा दफा ५ को उपदफा (५ख)** बमोजिम गरेको स्वघोषणा झुट्टो ठहरेमा त्यस्तो झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई छ महिनादेखि एक वर्षसम्म कैद वा पचास हजार रुपैयादेखि एक लाख रुपैयासम्म | संशोधनको नयाँ प्रावधान समेत सम्बोधन गर्नुपर्ने भएकोले । | ऐनमा नै व्यवस्था गर्न आवश्यक रहेको |



गोकर्णमणि दुवाडी
सचिव

नेपाल सरकार
गृह मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | महिनादेखि एक वर्षसम्म कैद वा पचास हजार रुपैयादेखि एक लाख रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ। झुट्टो स्वघोषणा गरी नागरिकता प्राप्त गरे वापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ । | जरिवाना वा दुवै सजाय हुनेछ। झुट्टो स्वघोषणा गरी नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ । | | |
| ९ | नेपाल नागरिकता ऐन,२०६३ | दफा २२ पछि देहायको दफा २२क. नाबालक परिचयपत्र प्रदान गर्न सक्ने थपिएको | ---------- | सोह वर्ष उमेर पूरा नभएको र बाबु वा आमा मध्ये कम्तीमा एकजना नेपाली नागरिक रहेको नाबालकलाई तोकिएको अधिकारीले तोकिए बमोजिम नाबालक परिचयपत्र प्रदान गर्न सक्नेछ। | नाबालक परिचयपत्र प्रदान गर्दा समस्या देखिएकोले सम्बोधन गर्नुपर्ने । | ऐनमा नै व्यवस्था गर्न आवश्यक रहेको |



गोकर्णमणि दुवाडी
सचिव